# वीरगंज उपमहानगरपालिकाको २१औं नगर परिषद्बाट पारित

**कार्यकारी अधिकृत श्री पीताम्बर अधिकारीबाट**

**आ.व. २०७४।०७५ को वार्षिक बजेट, नीति तथा कार्यक्रमको सार्वजनिकीकरण वक्तव्य**

वीरगंज उप-महानगरपालिकाको २१ औं नगरपरिषद्का प्रमुख अतिथि मा. सांसद श्री राजेन्द्र वहादुर अमात्यज्यू, विशिष्ट अतिथि माननीय सांसदज्यूहरु, विभिन्न राजनिति दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, श्रीमान् प्रमुख जिल्ला अधिकारी ज्यू, श्रीमान् स्थानीय विकास अधिकारीज्यू, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, कार्यालय प्रमुखज्यूहरु, वीरगंज उद्योग वाणिज्य संघका अध्यक्षज्यू, आमन्त्रित नागरिक समाज, विभिन्न संघसंस्था तथा गैर सरकारी संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, उद्योगी, व्यपारी एवम्बौद्धिक क्षेत्रका व्यक्तित्वहरु, संचारकर्मि मित्रहरु, उपस्थित भद्र महिला तथा आदरणीय महानुभावहरुमा सर्वप्रथम उप-महानगरपालिका र म स्वयंको तर्फबाट हार्दिक आभार प्रकट गर्दै स्वागत गर्दछु ।

२१औं नगरपरिषद्को यस विशेष अवसरमा नेपालको सार्वभौमिकता, राष्ट्रिय अखण्डता, स्वाधिनता र संघिय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि प्राण उत्सर्ग गर्ने सम्पूर्ण महान ज्ञात-अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जलि अर्पण गर्दै जनआन्दोलन तथा मधेसआन्दोलनका शहिद, घाईते तथा योद्धाहरु प्रति सम्मान व्यक्त गर्दछु ।

१) नेपाल भारत सीमानामा अवस्थित औद्योगिक तथा व्यापारिक नगरी मध्य तराईको केन्द्रभागमा रहेको वीरगंज नगरको आफ्नै किसिमको मौलिकता, विशेषता, पहिचान र ऐतिहासिक पृष्ठभुमि रहेको छ । वीरगंज उप-महानगरपालिकाले नगरको सर्वोत्तोमुखि विकासका लागि विभिन्न चरणहरु पार गर्दै सु-संस्कृत, आधुनिक, स्वच्छ , सुन्दर र सक्षम नगरको रुपमा स्थापित गर्न बहुआयामिक र दिगो विकासको माध्यमद्वारा स्थानीय पूर्वाधार विकास, लैङ्गीक मूलप्रवाहीकरण, सामाजिक सशक्तिकरण र विकासको मूल प्रवाहमा समाहित हुन नसकेका समुदायको सबलीकरण गर्दै नगरको विकास अभियानलाई अगाडि बढाउँदै आएको छ ।

२) यसै परिपेक्ष्यमा आज हामी वीरगंज नगरको २१औं नगरपरिषदमा उपस्थित भएका छौं र यस गरिमामय सभामा यहाँहरु समक्ष आर्थिक वर्ष २०७३/०७४ को संसोधित बजेट तथा आर्थिक वर्ष २०७४/०७५ को बजेट नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म र वीरगंज उप-महानगरपालिका परिवारलाई नै गर्व महसुस भईरहेको छ ।

३)  जनताहरुको सिधा-प्रत्यक्ष सम्बन्ध रहेको संस्था नै स्थानीय निकाय हो । स्थानीय निकायबाट प्रवाह गरिने सेवामा सरलता , विकास निर्माणका कार्यलाई गुणस्तरीयता एवं नतिजामुखि वनाईर स्थानीय शासन प्रक्रियालाई जनमुखी, जवाफदेही, पारदर्शी, उत्तरदायी, समावेशी र सहभागितामूलक बनाउने कुरालाई बजेटले उच्च प्राथमिकता दिएको छ ।उपलब्ध श्रोत र साधनको उच्चतम परिचालनबाट तिव्र शहरीकरणको व्यवस्थापनका साथै  नगरबाट प्रदान गरिने सेवा र सुविधामाकुनै कमी/कमजोरी नहोस् भन्ने कुरामा सिङ्गो नगरपालिका सदैव सचेत रहँदै आएको छ ।

४)  यसलाई दृष्ट्रिगत गरी प्रस्तुत बजेट, नीति तथा कार्यक्रम स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४, स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९,न्यूनतम शर्त तथा सम्पादन कार्यविधि,२०६६, संघिय मामिला तथा स्थानीय विकास मन्त्राल एवं राष्ट्रिय योजना आयोगको मार्गदर्शन र निर्देशन तथा नेपाल सरकारबाट समय-समयमा जारी भएका नीतिगत मार्गदर्शनको सीमा भित्र रही तयार गरिएको छ ।

५)  देशकै प्रमुख आर्थिक एवं व्यापारिक केन्द्र, राजनैतिक परिवर्तनको अग्रणी स्थान, शहिदहरुको कर्मभुमि वीरगंज तिव्र शहरीकरण सँगै आर्थिक, सामाजिक एवं पूर्वाधारको विकासका  दिगो आयामहरुलाई आत्मसात गर्दै  भविष्यमा महानगर बन्ने दिशातर्फ अग्रसर रहेको छ । प्रस्तुतबजेटमा विषय क्षेत्रगत गुरुयोजनाको कार्यान्वयन, शहरी गरिबी न्यूनिकरण, सरसफाई तथा फोहोर व्यवस्थापन,  सडक सुधार तथा ढल निर्माण, विद्युतीकरण,सार्वजनिक पार्कको व्यवस्था, हरियाली प्रवर्द्धन तथा वातावरण संरक्षण र पर्यटन पुर्वाधारको विकास जस्ता  योजना तथा कार्यक्रमलाई विशेष प्राथमिकतामा राखिएको छ ।

६)  देशमा उत्पन्न विशिष्ट राजनैतिक अवस्थाले गर्दा विगत लामो समय देखि स्थानीय निकायहरूमा जनप्रतिनिधिहरूको रिक्तता कायमै छ । यस्तो विषम परिस्थितिमा स्थानीयस्तरमा सेवा प्रवाहको  सुनिश्चितता र पूर्वाधार विकास निर्माणको कार्यमा गति प्रदान गर्ने कार्यहरु चुनौतिपूर्ण हुनु स्वाभाविकै हो । यस्तो परिस्थितिमा राजनैतिक दलहरुको विकासप्रतिको साझा सहमति, अभिरुचि एवं दलहरुको मार्गदर्शन, समन्वयकारी भूमिका र सहयोग प्रशंसनीय रहि आएको छ । यसका निम्ति म सम्पूर्ण राजनैतिक दलहरूप्रति आभार प्रकट गर्दै भविष्यमा पनि यस प्रकारको सहयोग अविछिन्न रूपमा प्राप्त भैरहनेछ भन्ने कुरामा विश्वस्त छु ।

७) वीरगञ्ज उपमहानगरपालिकाले लोकतन्त्रको सुदृढिकरण, लोकतन्त्रका लाभहरूको न्यायोचित वितरण, लैंगिक समानता र समावेशी विकास तथा वञ्चितिकरणमा परेका समुदायको सबलीकरण मार्फत नगरको सर्वोत्तममुखी विकासलाई अगाडि बढाउने प्रयत्न गर्दै आएको छ ।

८) यस पृष्ठभूमिमा आर्थिक वर्ष ०७४/७५ को बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय जनसहभागिता, सामाजिक समावेशीकरणको माध्यमद्वारा समुदायको सशक्तिकरण, गरिबी न्यूनीकरण, आधारभुत स्वास्थ्य सेवाको पहुँचमा विस्तार,स्थानीय पूर्वाधारसेवाको विस्तार, सेवा प्रवाहमा सरलीकरण, सुशासन पारदर्शिता र जवाफदेहिता एवं सूचना मैत्री विकास प्रशासनलाई उच्च प्राथमिकता दिईएको छ ।

९) नगरक्षेत्रको स्थानीय पूर्वाधार एवं आर्थिक सामाजिक विकासमा पछि परेका न.पा.का वडाहरु तथा यस उप-महानगपालिकामा थप भएका २० देखि ३० सम्मका वडाहरुमा नगरस्तरिय यातायात गुरुयोजना, शहरी विकास आवास गुरुयोजना अनुसार सडक तथा नाला निर्माण, सौर्यबत्ति जडान लगायतका पूर्वाधार विकासका लागि प्राथमिकताकासाथ बजेट विनियोजन गरिएको छ।

१०) वीरगन्ज उप-महानगरपालिकाले आयोजनाहरु संचालन गर्दा आयोजना सर्वेक्षण वा सम्भाव्यता अध्ययन, डिजाईन, ड्रईङ लागत अनुमान तथा वातावरणीय, सामाजिक र प्राविधिक अध्ययन, सुपरिवेक्षण, अनुगमन, मुल्याङकन, सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन जस्ता विषयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाउदै आएको छ ।

११) त्यसतै योजना तर्जुमा र कार्यान्वयन गर्दा प्रत्येक वडाभेलाहरुबाट प्राथामिकताको आधारमा सिफारिस भई आएका र एकीकृत योजना तर्जुमा समितिवाट प्राथमिकिकरणमा राखि छनौट भएका कार्यक्रम तथा योजनाहरुलाई उपलब्ध श्रोतसाधन र स्थानीय आवश्यकताको अनुसार कार्यान्वयन गरिनेछ ।

१२) “स्थानीय कर स्थानीय विकासको लागि उपमहानगरको सेवा तपाई करदाताको लागि” भन्ने मूल ध्येयकासाथ कर संकलन र करदाता वृद्धि कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । यसका लागि करदाता मैत्री प्रशासनमा जोड दिई सचेतना कार्यक्रम, सूचना सम्प्रेषण, करदाता घरदैलो कार्यक्रम र करदाता मैत्री व्यवहारको विकासमा जोड दिइनेछ । यस्ता कार्यक्रम सन्चालन गर्दा सम्पूर्ण नगरवासीहरुको तर्फवाट सद्भाव र सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

१३) वीरगज नगरक्षेत्र भित्र एशियाली विकास बैकको सहयोगमा मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना संचालनमा रहेको छ । यसले नगरको भौतिक तथा सामाजिक पूर्वाधार विकास, नगरको बृहत्तर ढल निकास तथा ढल प्रशोधन

केन्द्रको स्थापना, सडक निर्माण  तथा सुधार का साथै फोहोरमैला व्यवस्थापन र वातावरण संरक्षणका निम्ति ल्याण्डफिल्ड साइट र जैविकमल उत्पादन केन्द्रको स्थापना जस्तायोजना तथा कार्यक्रमलाई अगाडि बढाएको छ । यसको सफल कार्यान्वयनबाट वीरगज नगरक्षेत्रमा हुने डुवान, फोहोरमैला तथा ढल निकास जस्ता समस्याहरुको दिर्घकालिन सामाधान हुने विश्वास लिएको छु । यस आयोजना संचालनको लागिउपमहानगरपालिकाले समपूरक कोष (म्याचिंग फण्ड) को लागि ठूलो रकम व्यहोर्नुपर्ने हुन्छ । उक्त कार्य थप चुनौतिपूर्ण रहेकोछ । तथापि नगरपालिकाले आन्तरिक श्रोतको सम्भाव्यता अध्ययन गरी निजी क्षेत्र समेतको सहकार्यमा कर,शुल्क र दस्तुर असुली तर्फ योजनावद्ध कार्यलाई अगाडि बढाइरहेकोले सो उद्धेश्य प्राप्त गर्ने सक्ने विश्वास लिइएको छ ।यस कार्यमानगरवासीको पुर्ण सहयोगको अपेक्षागरेको छु ।

१४) वीरगंज नगरक्षेत्रमा योजना तथा कार्यक्रम संचालनमा महिला, बालबालिका, आदिवासी जनजाति, आर्थिक तथा सामाजिक रुपमा पिछडिएका वर्ग तथा क्षेत्र, जेष्ठ नागरिक, दलित, फरक क्षमता भएका व्यक्तिहरु, मधेशी, मुस्लिम तथा पिछडा वर्ग, लैंगिक अल्पसंख्यक आदिको विकास र उत्थानका निम्ति विशेषजोड दिईएकोले प्रस्तुतबजेट सो लक्ष्य प्राप्तिमा  समेत उपयोगी सिद्ध हुने विश्वास लिएको छु।

**उपस्थित महानुभावहरु,**

अब म आर्थिक वर्ष २०७४/०७५मा लिएका लक्ष्य, उद्देश्य तथा प्राथमिकताका बारे प्रकाश पार्न चाहन्छु ।

nIo

बृहत्तर वीरगंजको अवधारणालाई साकार पार्न महानगरीय परिकल्पनाकासाथ अल्पकालिन तथा दिर्घकालिन विकासका योजनाहरु मार्फत  “**दिगो विकासको नगर - स्वस्थ्य,स्वच्छ र सुन्दर वीरगंज शहर**” निर्माण गर्ने ।

p2]]Zo

१. दिगो स्थानीय पूर्वाधार विकासको माध्यम द्वारा नगरलाई आधुनिक र सुविधायुक्त बनाउने ।

२. सङ्घिय संरचना र समावेशी लोकतन्त्रको अवधारणा अनुरुप  सामाजिक एवं आर्थिक रुपमा पछाडी परेका महिला, दलित, आदिवासी जनजाति, अपागंता भएको व्यक्ति, जेष्ठ नागरिक तथा पिछडिएको क्षेत्रको विपन्न वर्ग र समुदायलाई समन्यायिक तथा समावेशीकरणका माध्यमबाट सशक्तिकरण गरि उपलव्ध श्रोत साधनमा  पहुँच अभिवृद्धि गर्ने ।

३. आधुनिक तथा स्थानीय सिप र प्रविधिको उपयोग गर्दै वातावरण मैत्रीशासन पद्वतिको अवलम्बन गरि नगरलाई स्वच्छ सुन्दर र हराभरा बनाउने ।

४. योजनाहरु संचालनमा सरकारी, गैर सरकारी र सामुदायिक संस्था तथा उपभोक्ता समिति एवं सरोकारवाला निकायहरुको भूमिका स्पष्ट गर्दैस्थानीय शासन र विकास प्रक्रियामा उत्तरदायी र जवाफदेही बनाउने ।

५. सामाजिक परिचालनको माध्यमद्वारा जनसहभागिता अभिवृद्धि गर्दै समुदायको सशक्तिकरण र क्षमता विकास गरि लक्षित वर्ग उन्मुख कार्यक्रम मार्फत गरिबी न्यूनीकरणमा सहयोग पुऱ्याउने ।

६. आधारभूत शहरी सेवाको पहुँच नपुगेका नयाँ वडाहरुमा शहरी सेवाको विस्तार र विकास गर्दै सघन शहरी विकास कार्यक्रमसँग आबद्ध गर्ने ।

७. नगर क्षेत्रमा पर्यटन पूर्वाधारको विकास एवं ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक मठ, मन्दिर, पार्कहरुको संरक्षण र विकास गरि आन्तिरिक र बाह्य पर्यटनको प्रर्वद्धन गर्ने ।

८. नगर सडक यातायात गुरुयोजना तयार गरि नगर यातायातलाई व्यवस्थित गर्ने ।

९. कर प्रशासनलाई चुस्त, पारदर्शि र प्रविधि मैत्री बनाउँदै राजश्वका नयाँ क्षेत्रको पहिचान र करको दायरा विस्तार गरि राजश्व अभिवृद्धि गर्दै आत्मनिर्भर बन्ने ।

१०. नगरपालिका क्षेत्र भित्र एकीकृत जग्गा विकास, एकीकृत बस्ती विकास र एकीकृत आवास कार्यक्रम सञ्चालनमा ल्याउने ।

१२. सार्वजनिक नीजि साझेदारीको अवधारणा अनुसारपूर्वाधार विकास, फोहोरमैला व्यवस्थापन जस्ता कार्यहरुमा लाभ, लागत र जोखिममा साझेदारी हुने गरि योजनातथा कार्यक्रम सञ्चालन गर्ने ।

१३. योजना तथा कार्यक्रमहरुको गुणस्तरियता सुनिश्चित गर्न अनुगमन तथा मुल्याङ्कनलाई प्रभावकारी बनाउने ।

k|fyldstf

१. स्थानीय पूर्वाधार विकास ( सडक, नाला तथा ढल, खानेपानी, भवन-आवास, विद्युत आदि ) को विकास र विस्तार ।

२. वातावरण संरक्षण, हरियाली प्रवर्द्धन, ढल तथा नालाको प्रबन्धफोहोर मैलाको उचित व्यवस्थापन,

३. लैंगिक विकास र सामाजिक समावेशिकरणको माध्यमबाट लक्षित वर्गउन्मुख कार्यक्रम ।

४. स्थानीय सुशासनको लागि पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वको प्रवर्द्धन तथा सेवा सुविधाको प्रभावकारी वितरण ।

५. लैङ्गीकमैत्री, बालमैत्री तथा वातावरणमैत्री स्थानीय शासनको प्रवर्द्धन ।

६. सीप विकास, रोजगारमुलक कार्यक्रमको प्रवर्द्धन तथा गरिबी न्यूनीकरण ।

७. पारदर्शि, करदातामैत्री एवं तथा सूचना प्रविधिमा आधारित कर प्रशासन मार्फत आन्तरिक राजश्वको अभिवृद्धि ।

८. आधारभूत स्वास्थ्य सेवाको विस्तार र पोषण कार्यक्रम ।

९. स्थानीय पर्यटन पूर्वाधारको विकास, ऐतिहासिक,धार्मिक तथा सांस्कृतिक मठमन्दिर, पार्क जस्ता धरोहरको संरक्षण र विकास ।

१०. सौर्यबत्तीको विस्तार, सडक वती सुधार तथा विद्युतिकरण कार्यक्रम ।

११. भवन निर्माण संहिताको कार्यान्वयनमा जोड तथा नयाँप्रविधियुक्त भूपम्प प्रतिरोधी भवन निर्माणमा उच्च प्राथमिकता र प्रोत्साहन ।

**उपस्थित महानुभावहरु,**

अब म वीरगञ्ज उप-महानगरपालिकाले गत आर्थिक वर्ष २०७२/०७३ र चालु आ.व. मा संचालित मुख्य योजनाहरुको उपलब्धि र आगामी आ.व. २०७४/०७५ का मुख्यमुख्य विकास योजना तथा कार्यक्रमहरु यस सभा समक्ष राख्न चाहन्छु।

१. गत आ.व.मा यस नगरपालिका अर्न्तगत संचालन भएको सडक पूर्वाधार कार्यक्रम अन्तर्गत देहाय बमोजिमका निर्माण कार्य सम्पन्न गरिएको छ ।

| | |
|---|---|
| ➢ कालोपत्रे सडक | ०२.८३ कि.मि. |
| ➢ ग्रावेल सडक | ०५.५४ कि.मि |
| ➢ माटे/ग्रावेल सडक | ०१.५७ कि.मि. |
| ➢ कंकृट सडक | ०३.५२ कि.मि. |
| ➢ पक्कि नाला निर्माण | ०३.१६ कि.मि. |
| ➢ कालो पत्रे सडक मर्मत | १८.६४ कि.मि. |

उक्त निर्माण कार्यमा गत आ.व.मा रु.१४,९२,००,५११।- खर्च भएको र गत आ.व.का निर्माणाधिन योजना को संख्या १६५ रहेको छ ।

२. **सौर्यबत्ती जडान** :- गत आ.व. देखि यस वर्षको मंसिर मसान्त सम्म नगरका विभिन्न स्थानमा ५५९ थान सौर्यबत्ती जडान कार्य सम्पन्न गरिसकिएको छ । जसको कुल लागत रु.५ करोड ४२ लाख रहेको छ ।

३. **सामाजिक विकास** :-आर्थिक तथा सामाजिक विकासका लक्षित वर्ग र प्रवद्धनात्मक कार्यक्रम अर्न्तगत गत आ.व.मा ६१ वटा कार्यक्रम सञ्चालन गरिएका, जसमा मुख्य गरेर महिला तथा सिमान्कृत वर्गहरुको लागि आय आर्जन तथा सीप विकास कार्यक्रम, क्षमता अभिवृद्धि कार्यक्रम, सरसफाई तथा फोहोर मैलाको उचित व्यवस्थापनका लागि सचेतना कार्यक्रम, त्यस्तै बालबालिका/ किशार किशोरीका लागि क्षमता अभिवृद्धि तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको ।LGCDPतर्फ नागरिक सचेतना केन्द्रहरुलाई आय आर्जन अभिवृद्धिका लागि सिप विकास तथा साना पूर्वाधारका कार्यक्रमहरु संचालन गरिएको र जिविकोपार्जन कार्यक्रम तर्फ स-साना ऋण प्रवाहका कार्यक्रम संचालन गरिएको र यस कार्यक्रम अन्तर्गत २२ वटा वडामा रु. ६९ लाख ३० हजार खर्च गरिएको छ ।

४. **राजश्व असुलि** :- गत आ.व. २०७२।७३ मा कूल रु १३ करोड ५५ लाख आन्तिरिक राजश्व संकलन गरिएको मा चालु आ.व.मा राजश्व संकलनको क्षमतालाई अभिवृद्धि गर्दै मंसिर मसान्त सम्म रु. ८ करोड ५० लाख राजशव संकलन गरिसकिएको छ, भने यस आ.व.को अन्त सम्ममा रु २१ करोड राजश्व उठ्ने संसोधित अनुमान गरिएको छ ।

**५. मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना :**
एसियालि विकास बैंक नेपाल सरकार तथा वीरगंज उप-महानगरपालिकाको संयुक्त लागानीमा मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना अन्तर्गत(Drainage/Sewerage/ Road/ WWTP)को हालसम्म ६०% भौतिक निर्माण कार्य सम्पन्न भई सकेको छ भने 2nd Package STIUEIP/W/BRJ/ ICB-02अन्तर्गत(Solid Waste Management Land Fill Site)तर्फ १०% भौतिक निर्माण काम सम्पन्न गरिएको छ ।

अब म एशियाली विकास बैंक, नेपाल सरकार तथा वीरगन्ज उप-महानगरपालिकाको संयुक्त लगानीमा आर्थिक वर्ष २०७३/०७४ मा संचालित आयोजनाहरुको बारेमा प्रकाश पार्न चाहन्छु ।

१. गण्डक चौक देखि शंकराचार्य गेटसम्म ४० फिट (Second By Pass Road)मा र नेशनल मेडिकल जाने बाटो हुँदै Land Fill Site जाने बाटोमा कुल ११.४ कि.मि. पिच सडकको निर्माण गर्ने लक्ष्य रहेकोमा १०.५३ कि. मी. सडक माटो पुरी ग्राभेल गर्ने कार्य सम्पन्न भई सकेको छ ।बाँकी काम चालु आ.व.मा सम्पन्न गरिनेछ ।

२. गण्डक देखि शंकराचार्य गेटसम्म र नेशनल मेडिकल चौकबाट Land Fill Siteजाने सडकमा २४.२० कि.मी. Brick Workको नाला निर्माण गर्नु पर्नेमा १७.५७ को नाला निर्माण सम्पन्न भई सकेको र बाँकी आ.व. ०७४/०७५ मा सम्पन्न गरिनेछ ।

३. नगरका विभिन्न भागका StormWater Drain४६.२७ कि.मि. निर्माण गर्नु पर्नेमा ३४.३५ कि.मि. को कार्य सम्पन्न भएको छ भने बाँकी Storm Water Drainageको कार्य आ.व. ०७४/०७५ मा सम्पन्न गरिनेछ ।

४. नगर क्षेत्रको श्रीपुर, रानीघाट, आदर्शनगर लगायतका क्षेत्रहरुको घरबाट निस्किएको फोहोर पानीलाई वडा नं. १ छपकैया फोहोर पानी प्रशोधन केन्द्रसम्म पुऱ्याउन ७.६१ कि.मी. Sewerage Lineनिर्माण गर्नु पर्नेमा करिब २.७ कि.मि. निर्माण गरिएको छ भने बाँकी कार्य आ.व. ०७४/०७५ मा सम्पन्न गरिनेछ ।

५. बारा जिल्ला अन्तर्गत ईटियाही वाडा नं. ७ र विश्रामपुर वडा नं. ९ स्थित वीरगंज उप-महानगरपालिकाले खरिद गरेको १५ बिगहा १७ कट्ठा जग्गामा निर्माण कार्य प्रारम्भ भई आ.व. ०७४/०७५ मा फोहोर मैला व्यवस्थापन तथा Compostingको निर्माण कार्य सम्पन्न गरिने छ।

६. माईदिया पोखरीमा खुल्ला मञ्च, बगैंचा, पिक्निक स्पट, प्लेग्राउण्ड किड जोन आदीको निर्माण कार्य सम्पन्न गरी Re-creation Park निर्माण कार्य सम्पन्न गरिनेछ ।

४. वीरगंज वडा नं. १ छपकैया स्थित फोहोर पानी प्रशोधन केन्द्रको पूर्व तर्फ Trapezoidalढाँचामा PCCनाला निर्माण तथा छेउछाउमा जग्गाधनीहरुलाई Counselingगरी Service Roadनिर्माणको कार्य सम्पन्न गरिनेछ ।

७. नगवा हुँदै Land Fill Siteजाने सडकमा RCC Bridgeको कार्य ९०% कार्य सम्पन्न भई सकेकोमा बाँकी कार्य चालु आ.व.मा सम्पन्न गरिनेछ ।

८. वीरगंज उप-महानगरपालिकाको डुवान समस्यालाई निराकरण गर्न Consultant बाट करिब ८ अर्व रुपैया लाग्ने प्रारम्भिक सुझाव दिए तापनि हाल करिब ३(तीन) अर्बको लागतमा आयोजना संचालन भई रहेकोमा रकम अभावको कारण डुवान समस्या पूर्ण रुपमा समाधान हुने सम्भावना नदेखिएकोले नयाँ आयोजना RUDP (Regional Urban Development Project)अन्तर्गत नयाँ भूमिगत नाला, पार्क, सडक, सडक बत्तीको लागी नेपाल सरकारADB बाट प्राप्त करिब १.५ अर्ब Additional Financing(अतिरिक्त लगानी) प्राप्त अनुमोदन गरी सम्झौताको लागी पारस्परिक रकम विनियोजन गरी आयोजनाको कार्य अगाडी बढाईने छ ।

९. यस आयोजनाबाट ढल, नाला तथा रोड तथा फोहोर पानी प्रशोधन केन्द्र निर्माण भईरहेकोमा दोश्रो बाईपासको सडक निर्माण गर्ने क्रममा सडकको मध्य भागमा वीरगंज उप-महानगरपालिका वडा नं. १७ स्थित नृसिंह माध्यमिक विद्यालय पर्ने गएको हुँदा उक्त विद्यालयलाई स्थानान्तरण गरी नयाँ विद्यालय भवन निर्माण गर्न Consultant SMEC International Pty. Ltd/ BDA/BCE/CEMATबाट करिब ५ करोड लगत ईस्टिमेट पेश गरेकोमा मिति २०७१/१२/२५ मु.च.नं १०९४९/०७१/०७२ मा रकम उपलब्ध गराई दिनु हुन भनी माननीय उप-प्रधानमंत्री तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्री, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पत्र पठाएकोमा हालसम्म पत्रको जवाफ प्राप्त नभएकोले उक्त रकम प्राप्त गर्नपहल गर्नुका साथै वीरगंज उप-महानगरपालिकाले आफ्नै स्रोत तथा अन्य विकल्पहरु समेत खुल्ला राखी कार्य अगाडी बढाईने छ।

१०. यस आयोजनाबाट बाईपास सडकको पूर्व तर्फ नाला निर्माण गर्ने क्रममा वैष्णों देवी मन्दिर हुँदै दक्षिण कलभर्ट देखी पूर्व हुँदै भुटनदेवी मन्दिरको चौकसम्म दाँया बाँया व्यक्तिगत जग्गाधनीहरुको जग्गाहरु पर्ने भएको हुनाले जग्गाधनीहरुलाई Counseling, Motivateगरी जग्गाको मुआब्जा नतिर्ने गरी Service Roadआयोजनाबाट निर्माण गरिनेछ।

११. मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजनाको कार्यलाई थप सहयोग पुऱ्याउन नगरपालिकाको सदभाव दूत श्री अशोक बैद्य मार्फत लायन्स क्लब वीरगंज सँग समन्वय गरी फोहोर मैला व्यवस्थापनका लागि Garbage Compactor Vehicle, Garbage Waste Bin, Skip Container जस्ता सामग्रिहरु व्यवस्था गरिनेछ।

१२ पुरानो बसपार्क तथा वडा नं.३ स्थित दमकल रहेको खालि जग्गाहरुमा सुविधा सम्पन्न आधुनिक र पार्किङ्ग सहितको MultiStoriedBuildingTDSसँग सहयोग लिई विस्तृत सम्भाव्यता अध्ययन तयार गनरिनेछ।

१३. नगर विकासकोषको सहयोगमा निर्माणधिन नयाँ बसपार्कको निर्माण कार्यलाई तदारुकताकासाथ संचालन गरी गराई चालु आ.व.मा सम्पन्न गरिनेछ।

१४. राष्ट्रिय अनुसन्धान आयोग कार्यालय रहेको घण्टाघर स्थित जग्गामा निर्माणाधिन भवनको बाँकी निर्मान कार्य चालु आ.व.मा सम्पन्न गरी सो भवनलाई व्यपारिक प्रयोजनका लागि प्रयोगमा ल्याई राजश्व वृद्धि गरिने छ।

**उपस्थित महानुभावहरु,**

अब म आर्थिक वर्ष २०७४/०७५ को लागि लिईएका प्रमुख नीति तथा कार्यक्रमका बारेमा प्रकाश पार्न गईरहेको छु।

१. शहरी पूर्वाधार विकासमा जोड दिदै सडक,नाला तथा ढल, खानेपानी, विद्युत जस्ता पूर्वाधार विकासमा जोड दिइनेछ ।

२. सार्वजनिक पर्ती जग्गाहरुको डिजिटल अभिलेख तयार गरी उप-महानगरपालिकाक्षेत्र भित्रका सार्वजनिक पर्ती जग्गाहरुको संरक्षण गर्ने ती क्षेत्रहरुको अधिकतम उपयोग गर्न खेलकुद मैदान, मनोरञ्वनात्मक पार्क, अस्पताल, व्यवसायिक पूर्वाधार जस्ता योजनाहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

३. वीरगंज नगरक्षेत्रभित्र रहेका ऐतिहाँसिक, धार्मिक तथा सांस्कृतिक धरोहरहरुको संरक्षण सम्वर्द्धन गरिनेछ ।

४. नगरक्षेत्र भित्र जग्गा प्लटिङ्ग गर्दा अनिवार्य रुपमा पूर्व स्वीकृति लिनु पर्नेछ । नगरपालिकाको स्वीकृति बिना प्लटीङ्गको जग्गा बिक्री भएमा त्यस्ता स्थानहरुमा बन्ने भवनहरुको नक्शा पास नगरिने र सो क्षेत्रमा पूर्वाधार विकासको कुनै कार्य गरिने छैन ।

५. विश्वसनीय र गुणस्तरयुक्त लेखा परिक्षणको माध्यमबाट वित्तीय सुशासन कायम गर्न आन्तरिक लेखा परिक्षणको कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाउने, आन्तरिक लेखा परिक्षणसँग सम्बन्धित कर्मचारीहरुको क्षमता विकास गर्ने, आन्तरिक लेखा परिक्षणले औंल्याएका प्राप्त सुझावहरुको कार्यान्वयन गर्दै औंल्याईएका बेरजु कडाईकासाथ तत्काल फछ्र्यौट गर्दै लगिनेछ ।

६. कर, शुल्क र दस्तुरको नयाँक्षेत्र समेत पहिचान गरी करको दायरा फराकिलो बनाउँदै लगिने छ । विद्यमान कर, शुल्क र दस्तुरको दर साविक बमोजिम नै लागु गरिनेछ । वीरगंज उप-महानगरपालिकामा समावेश भएका ११ वटा वडाहरु. ( २० देखि ३० सम्म) विषेश परिस्थितिका आधारमा गत विगतमा दस्तुर तथा शुल्कमा दिइएको विशेष छुटलाई निरन्तरता दिइनेछ ।

७. वीरगंज उप-महानगरपालिकाको आय-आर्जनका निमित्त व्यवसायकर, बहालकर एवं विज्ञापनकरलाई आउट सोर्सिङको माध्यमबाट आम्दानीमा वृद्धि गर्ने नीति लिइएको छ ।

८. वीरगंज उप-महानगरपालिकाको राजश्व प्रशासनक्षेत्रको संस्थागत क्षमता अभिवृद्धि गर्न राजश्व प्रशासन शाखामा कार्यरत कर्मचारीलाई पुनर्ताजगि तालिमको प्रबन्ध गरिनेछ । करदाता सहयोगी डेस्कलाई प्रभावकारी बनाउँदै राजश्व असुली कार्यलाई करदाता मैत्री बनाईनेछ ।

९. प्रचलित ऐन, नियमको प्रभावकारी कार्यान्वयन गरी शहरी सुव्यवस्था कायम गर्न वार्षिक कार्ययोजना तर्जुमा गरी जनचेतना अभिवृद्धिका कार्यक्रम, फोहोरमैला व्यवस्थापन, छाडा पशु नियन्त्रण, अनियमित सवारी पार्किङ्ग तथा सडक पेटी अतिक्रमण नियन्त्रण गरिनेछ ।

१०. विद्युतिय सुशासनको माध्यमबाट नगरपालिकाको सेवालाई सहज बनाउन विद्युतिय खरिद प्रणाली(E-Procurement System), E-Governance लाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

११. वीरगंज उप-महानगरपालिकाको सूचना केन्द्रलाई सुदृढ र प्रभावकारी बनाईनेछ । सबै किसिमका तथ्याङ्क एकीकृत रुपमा उपयोग गर्न एकीकृत तथ्याङ्क प्रणाली लागु गरिनेछ । वीरगंज उप-महानगरपालिकाको वेभसाइटमा नगरपालिकाको सबै सूचनाहरु अद्यावधिक गरी राख्ने व्यवस्था मिलाइनेछ ।

१२. उपभोक्ताहरुको हित संरक्षणका लागि खाद्य पदार्थमा गुणस्तर कायम गर्न, खाद्य मिसावट नियन्त्रण गर्ने, मासुजन्य पदार्थको बिंक्री वितरणलाई व्यवस्थित गर्ने, स्वास्थ्य क्षेत्रमा हैजा, डेंगु, मलेरिया जस्ता महामारी नियन्त्रणका लागि स्वास्थ्यकर्मीहरुलाई परिचालन र सक्रिय बनाइनेछ ।

१३. नगर प्रोफाईल व्यवस्थित गर्न प्रत्येक वडाको वडा प्रोफाईल तयार गर्ने, श्रोत नक्सा तयार गर्ने, विपन्न वर्गको पहिचान, गरिबी नक्साङ्कन (Poverty Mapping) गर्ने जस्ता कार्यलाई यसै वर्षदेखि सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

१४. युवा वर्गको क्षमता विकास गर्दै उद्यमशील, सक्षम, सुसंस्कृत एवं क्षमतावान बनाई विकास निर्माणमा सहभागी गराउने नीति लिईनेछ । खेर गईरहेको युवा शक्तिलाई नगर विकासको मूल धारमा ल्याउन आवश्यक रणनीति तय गरिनेछ ।

१५. घर तथा सार्वजनिक निर्माण कार्य गर्दा सडक तर्फको सेड व्याकमा भएको अनियमितता र सार्वजनिक सम्पति अतिक्रमण नियन्त्रण गर्नस्वीकृत नक्सा बमोजिम निर्माण कार्य गर्न गराउन यसै अर्थिक वर्ष देखि लागु हुने गरि स्वीकृति प्राप्त भवनहरुको निर्माण गर्दा यस कार्यालयका प्राविधिक बाट अनिवार्य ‘ले आउट’ गराएर मात्र निर्माण कार्य गर्ने व्यवस्था गरिने छ ।

१६. वीरगंज उप-महानगरपालिका वडा नं. १८ त्रिसुल चौक देखि पूर्व तर्फ अगाडि रहेको Canal Road (Approach Road)देखि Land Fill Siteजाने पुलसम्म सडकको दाँया बाँया आयोजनाले बनाएको बाटोमा भविष्यमा उक्तबाटोबाट फोहोरहरु लग्दा जनविरोध, जनदवाव भई लगानी खेर जाने सम्भावना भएको हुनाले प्राविधिक विशेषज्ञको सिफारिस बमोजिम जग्गाधनीहरुले आ-आफ्नो घर बनाउँदा घर निर्माण कार्यको लागी सडकबाट ६ मिटर Set backछाडी मात्र घर बनाउन ईजाजत दिईने छ ।

१७. बालबालिकाहरुको नैसर्गिक अधिकार सुनिश्चित गर्दै बालबालिकाहरुको विकाससँग सम्बन्धित सूचक सहितको वार्षिक कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । वालश्रम न्यूनीकरणका कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ ।

१८. वीरगंज उप-महानगरपालिकाले सूचना र पारदर्शितालाई सुनिश्चित गर्दै कार्यालयबाट गरिने सम्पूर्ण कार्यलाई जिम्मेवारी र जवाफदेही बनाईनेछ ।

१९. नगरपालिकाबाट प्रदान सेवा सुविधा तथा आर्थिक सामाजिक विकासका गतिविधिलाई सर्वसाधारणका जानकारिकालागि सूचना तथा संप्रेसण गर्न पत्रकार महासंघसंग समन्वय गरि संचार तथा वज्ञापन नीति तयार गरि लागु गरिनेछ ।

२०. थप नगरक्षेत्रको वृद्धि सँगसँगै फोहोरमैलाको मात्रा बढेकाले सरसफाई कार्यलाई आउट सोर्सिङको माध्यमबाट सरसफाई व्यवस्थापन प्रक्रिया अगाडि बढाई फोहोरलाई मोहरमा रुपान्तरण गर्ने  नीति लाई क्रमशः अबलम्बन गर्दै लगिनेछ ।

२१. शहरी क्षेत्रमा हुने अव्यवस्थित यातायातको व्यवस्थापन गरि यातायातलाई सहज बनाउन स्थानीय प्रशासन, नेपाल प्रहरी/ट्राफिक प्रहरी र अन्य सरोकारवालासँग समन्वय गरी पार्किङ्गको उचित प्रबन्ध मिलाईनेछ ।

२२. हरियाली प्रवर्द्धन मार्फत वातावरण सन्तुलन बिग्रन नदिन वृक्षारोपण कार्यक्रमलाई प्राथमिकता दिई एक घर एक विरुवा कार्यक्रममा जोड दिईने छ । ग्रिन सिटिको अवधारणालाई कार्यान्वयनमा ल्याई वातावरण मैत्री स्थानीय शासन पद्धतिमा उल्लेखित सूचकहरु पुरा गर्ने घर तथा संस्थाहरुलाई करको दरमा सहुलियत प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

२३. सार्वजनिकस्थान, सडक, बाटो-पेटी, बसपार्क जस्ता स्थलहरुमा फोहोर फाल्ने कार्यलाई कडाईका साथ नियन्त्रण गरि यस्तो कार्य गर्नेलाई दण्डीत गरिनेछ ।

२४. केबुल सञ्चालकहरु सँग समन्वय गरी प्रत्येक बेबुल सञ्चालकबाट ग्राहक संख्याके आधारमा मासिक मनोरञ्जन कर लिने व्यवस्था मिलाईनेछ ।

२५. नेपाल सरकार राष्ट्रिय पुनःनिर्माण प्राधिकरण बाट स्वीकृत भएका १७ किसिमका घरहरु निर्माणका लागि नक्सा पास गर्दा लाग्ने शुल्क तथा दस्तुरमा विशेष छुट दिने व्यवस्था गरिनेछ ।

२६. विकास निर्माणको कार्यलाई.तोकिएको समयमा निर्धारित मापदण्ड र गुणस्तर बमोजिम सम्पन्न गर्न प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गरिनेछ ।

## मुख्य मुख्य कार्यक्रमहरु :

२७. यस-उपमहानगरपालिकाका थप भएका नयँ ११ वटा वडाहरुमा शहरी पुर्वाधार विकासका लागि सडक बिस्तार र सुधार, ढल तथा नाला निर्माण, सडक बत्ती तथा सौर्य बत्ती जडानका कार्यक्रम संचालन गरिनेछ ।

२८. नगरक्षेत्रका सार्वजनिक स्थल र बसपार्कमा सार्वजनिक शौचालयको निर्माण गर्ने कार्य गरिनेछ ।

२९. वीरगंज उप-महानगरपालिका क्षेत्रलाई खुला दिशा दिशा मुक्त क्षेत्र घोषण गर्न ODF घोषण गरिसकेको उप-महानगरपालिका वडाहरुका आवश्यक स्थानहरुमा सार्वजनिक शौचालयको निर्माण गर्ने, बनेका शौचालयहरुको मर्मत सम्भार गरि पूर्ण प्रयोगमा ल्याउने र बाँकी वडाहरुका सबै घर परिवारमा शौचालय निर्माण गर्न लगाई नगरलाई(ODF)खुल्ला दिशा मुक्त क्षेत्र घोषणागरिनेछ ।

३०. नगर क्षेत्रमा आधारभुत स्वास्थ्य सेवाको पहुँचमा विस्तार गर्न जिल्ला स्वास्थ्य कार्यालय तथा अस्पतालहरु सँग समन्वय गरि गाउँ/घर क्लिनिक जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ। साथै नगर क्षेत्र भित्रका २ वर्ष मुनिका बालबालिकालाई दिनुपर्ने सबै खोप दिलाई पूर्ण खोप प्राप्त नगरको रुपमा घोषण गरिनेछ।

३१. जिल्ला शिक्षा कार्यालय सँगको समन्वयमा यस नगरलाई पूर्ण साक्षर नगरको रुपमा घोषणा गर्ने कार्य अभियानको रुपमा सञ्चालन गरिनेछ।

३२. मुख्य बजार क्षेत्रमा रहेको सडकको स्तरोन्नती, नाला तथा ढलको निर्माण कार्यलाई प्रभावकारी रुपमा सम्पन्न गरी यातायातको आवागमणलाई सहज बनाउने र शहरी क्षेत्रमा हुने डुवानको समस्यालाई दिर्घकालिन रुपमा सामाधान गरिनेछ।

३३. आफ्नो घर आफ्नो सडक भन्ने मुल नाराका साथ आफ्नो घर-पसलबाट निस्केको फोहोरलाई घर/पसलबाटै छुट्टयाई व्यवस्थापन गर्न घर दैलो कार्यक्रमलाई टोलसुधार समिति मार्फत अभियानको रुपमा सञ्चालन गरिनेछ । घर तथा पसलबाट निस्कने फोहोरलाई सडकमा फाल्ने कार्यलाई पुर्णरुपमा बन्द गरि सडक तथा सार्वजनिकस्थललाई स्वच्छ तथा सफा राखिनेछ।

३४. एक घर-एक विरुवा कार्यक्रमलाई अभियानको रुपमा संचालन गर्ने गरि घर निर्माणको स्वीकृति वा घर निर्माण सम्पन्नको प्रमाण-पत्र दिदा अनिवार्य रुपमा एउटा विरुवा रोप्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ।

३५. घर भित्रै सड्ने फोहोर बाट Organicमल बनाउने कार्यलाई जोड दिदैOrganic Food को उत्पादनलाई बढावा दिने कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३६. वातावण मैत्री स्थानीय शासनले निर्दिष्ट गरेका सूचकहरु पुरा गरि वातावरण मैत्री वडाहरु घोषण गर्ने कार्यालाई विशेष प्राथमिकतामा राखि कार्यक्रम सन्चालन गरिनेछ ।

३७. नगरक्षेत्रमा मनोरन्जनात्मक पार्क तथा स्थलको निर्माणका लागि लक्षमणमा पार्क, भिस्वा डाँडा, घण्टाघर स्थित उद्यान पार्क, भुटनदेवीका साथै नगरक्षेत्रका अन्य संभाव्य स्थानहरुमा सम्भाव्यता अध्ययन गरी आधुनिक पार्कको निर्माणको कार्य आगामि आ.व.देखि सुरु गरिनेछ।

३८. सबै बालबालिकाको खेल्ने तथा मनोरञ्जन गर्न पाउने नैसर्गीक अधिकारको सुनिश्चिता गर्न सबै उमेर र समूहका बालबालिकाहरुले खेल्ने सक्नेगरी समावेशी बाल उत्थान (Inclusive children Park) को निर्माण विभिन्न संघ संस्थाहरुको सहयोगमा यसै आ.व.मा थालनि गरिनेछ ।

३९. नगरक्षेत्रभित्रका अपाङ्गबालबालिका तथा वृद्ध वृद्धाको उचित हेरचाह र व्यवस्थापनका लागि सरोकारवाला निकायहरु संगको समेत समन्वय र सहयोगमा बालगृह तथा वृद्धाश्रमको निर्माण गरिने छ ।

४०. वीरगंज नगर क्षेत्रलाई समेट्ने गरि रिङ्ग रोड परियोजनाको विस्तृत अध्ययन गरि निर्माण कार्यको थालनि गरिने छ ।

४१. श्रीर्सिया नदिमा रहेको प्रदुषण लाई नियन्त्रण गरि नदिलाई प्राकृतिकरुपमा स्वच्छ र सुन्दर राखि यसलाई पहिलेकै अवस्थामा फर्काउन श्रीसिया कोरिडोर परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन  कार्य आगामी वर्ष पुरा गर्ने गरि कार्यक्रम अगाडि बढाईनेछ ।

४२. वीरगंज नगर क्षेत्र भित्र रहेको सडकहरुलाई आधुनिक सुविधा सम्पन्न र वातावरण मैत्री बनाउन यसै आ.व.बाट नमुना सडक (Model Road) निर्माण कार्यको थालनी गरिनेछ ।

४३. सघन शहरी विकास कार्यक्रम सँग समन्वय गरि वीरगंज नगरको विस्तृत Compressive Urban Development Planको तयारी गरी प्राथमिकताको आधारमा कार्यान्वयनमा ल्याईने छ ।

४४. सूचना तथा सञ्चारमा नागरिकको पहुँच पुऱ्याउन नेपाल पत्रकार महासंघको संस्थागत विकासको लागि महासंघको भवन निर्माणका लागि रु ४ लाख रुपैयाँ विनियोजन गरि निर्माण कार्यलाई सहयोग गरिनेछ ।

४५. सिमाक्षेत्र विकास अन्तर्गत नेपाल-भारत सिमाना सँग जोडिएका यस उप-महानगरपालिकाका वडा नं.१, १९, २०, २२ र २८ मा स्थानीय पूर्वाधार विकास ( सडक,नाला,ढल) कृषि, खानेपानि तथा सरसफाई, नदि कटान तथा नियन्त्रण जस्ता योजना र अन्य प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४६. महिला, बालबालिका, पिछडिएका क्षेत्र र वर्गका समुदायका लागि सुत्रमा आधारित बजेट विनियोजन गरि आर्थिक  तथा सामाजिक विकास सम्बन्धि सीप तथा क्षमता विकास र रोजगारी प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ ।

४७. सम्भाव्य प्राकृतिक प्रकोप भुकम्प, आगलागि, बाढि तथा नदि कटान, शीतलहरबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गरि जनधनको नोक्सानी हुन नदिन अन्य

सरोकारवाला निकायहरुसंग समन्वय गरि विपद, जोखिम न्यूनीकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।

४८. भू-कम्पबाट हुनसक्ने सम्भाव्य क्षतिलाई न्यूनिकरण गर्न भवन निर्माण सम्बन्धि राष्ट्रिय मापदण्ड २०७२ मा आधिरित रहि यस कार्यालयबाट तयार भएको परिमार्जित भवन निर्माण सम्बन्धि मापदण्ड चालु आ.व.देखि नै लागू गरिनेछ ।

**उपस्थित महिला तथा सज्जनबृन्द,**

अब म आ.व. २०७३/०७४मंसिर मसान्तसम्मको यर्थार्थ आय-व्यय विवरण, आ.व. २०७३/०७४ को संशोधित बजेट तथा आ.व. २०७४/०७५ को अनुमानित आय-व्यय प्रस्तुत गर्न चाहन्छु । आगामी आर्थिक वर्षका लागि वित्तिय परिचालन र खर्च अनुमान गर्दा वित्त सन्तुलन कायम गर्ने उद्देश्य लिई सो अनुरुप कार्यक्रमहरु तर्जुमा गरी रकम विनियोजन गरेको छु ।

cfo

यस चालु आ.व. २०७३।०७४ मंसिर मसान्त सम्मको आन्तरिक आय रु.८,४९,६१,४३२।५८ (अक्षरेपी आठ करोड उनन्चास लाख एकसठ्ठी हजार चार सय बत्तिस पैसा अन्ठाउन्न मात्र), नगरपालिका अनुदान रु.१७,४४,१६,९९८।- (अक्षरेपी सत्र करोड चौवालिस लाख सोह्र हजार नौ सय अन्ठानब्बे मात्र) र बाह्य श्रोत रु.१५,८८,२२,७१६।४२ ( अक्षरेपी पन्ध्र करोड अठ्ठासी लाख बाईस हजार सात सय सोह्र पैसा बयालिस मात्र) गरी **जम्मा रु.४१,८२,०१,१४७।- (अक्षरेपी एकचालिस करोड बयासी लाख एक हजार एक सय सैंतालिस मात्र**) यथार्थ आम्दानी भएको छ ।

यस आ.व.२०७३।०७४ को संशोधन तर्फ आन्तरिक आय रु.२१,००,०४,८००।- ( अक्षरेपी एकाईस करोड चार हजार आठ सय मात्र), नगरपालिका अनुदान रु.३४,९७,३६,०००।- (अक्षरेपी चौतिस करोड सन्तानब्बे लाख छत्तिस हजार मात्र) र बाह्य श्रोत रु.८९,९५,४०,२००।- (अक्षरेपी उनानब्बे करोड पन्चानब्बे लाख चालिस हजार दुई सय मात्र) गरी **जम्मा रु.१,४५,९२,८१,०००।- (अक्षरेपी एक अर्ब पैंतालिस करोड बयानब्बे लाख एकासी हजार मात्र**) अनुमानित आयको लक्ष्य राखिएको छ ।

आगामी आ.व. २०७४।०७५ को लागि अन्तरिक आय रु.२६,३९,११,६००।- (अक्षरेपी छब्बीस करोड उनचालिस लाख एघार हजार छ सय मात्र), नगरपालिका अनुदान रु.३०,९२,१०,०००।- (अक्षरेपी तीस करोड बयानब्बे लाख दश हजार मात्र) र बाह्य श्रोत रु.६५,८६,००,०००।- (अक्षरेपी पैंसठ्ठी करोड छियासी लाख मात्र) गरी **जम्मा**

**रु.१,२३,१७,२१,६००।- (अक्षरेपी एक अर्ब तेईस करोड सत्र लाख एक्काईस हजार छ सय मात्र)** प्रस्तावित अनुमानित आय को लक्ष्य राखिएको छ ।

J00

यसै गरी व्यय तर्फ आ.व. २०७३।०७४ मंसिर मसान्त सम्ममा साधारण खर्च तर्फ रु.९,५९,१५,९००।०५ (अक्षरेपी नौ करोड उनान्साठी लाख पन्ध्र हजार नौ सय पैसा पाँच मात्र), कार्यक्रम खर्च तर्फ रु.११,१९,५७,९३८।५१ (अक्षेरपी एघार करोड उन्नाईस लाख सन्ताउन्न हजार नौ सय अड्तीस पैसा एकाउन्न मात्र) र पुँजीगत तर्फ रु.१९,२५,४९,६१९।३१ (अक्षरेपी उन्नाईस करोड पचिस लाख उन्नचास हजार छ सय उन्नाईस पैसा एकतीस मात्र) गरी **जम्मा रु.४०,०४,२३,४५७।८७ (अक्षरेपी चालिस करोड चार लाख तेइस हजार चार सय सन्ताउन्न पैसा सतासी मात्र)** खर्च भएको छ ।

यस आ.व. २०७३।०७४ को संशोधन तर्फ साधारण खर्च रु.२७,७१,४०,०००।- ( अक्षरेपी सताईस करोड एकहत्तर लाख चालिस हजार मात्र), कार्यक्रम खर्च रु.२८,२५,७२,०००।- (अक्षेरपी अठ्ठाईस करोड पचिस लाख बहत्तर हजार मात्र) र पुँजीगत खर्च रु.८९,९५,६९,०००।- (अक्षरेपी उनानब्बे करोड पन्चानब्बे लाख उनान्सत्तरी हजार मात्र) गरी **जम्मा रु.१,४५,९२,८१,०००।- (अक्षरेपी एक अर्ब पैंतालिस करोड बयानब्बे लाख एकासी हजार मात्र)** अनुमानित व्ययको लक्ष्य राखिएको छ ।

आगामी आ.व. २०७४।०७५ को लागि साधारण खर्च तर्फ रु.२७,१५,५१,६००।- ( अक्षरेपी सत्ताईस करोड पन्ध्र लाख एकाउन्न हजार छ सय मात्र), कार्यक्रम खर्च तर्फ रु.२१,९३,४७,०००।- (अक्षरेपी एक्काईस करोड त्रियानब्बे लाख सैंतालिस हजार मात्र) र पुँजीगत तर्फ रु.७४,०८,२३,०००।- (अक्षरेपी चौहत्तर करोड आठ लाख तेईस हजार मात्र) गरी **जम्मा रु.१,२३,१७,२१,६००।- (अक्षेरपी एक अर्ब तेईस करोड सत्र लाख एक्काईस हजार छ सय मात्र)** को अनुमानित खर्च प्रस्तावित गरेको छु ।

उल्लेखित आय-व्ययमा मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना संचालन तर्फ नगर विकास कोषबाट प्राप्त हुने ऋण/अनुदान र वीरगंज उपमहानगरपालिका कार्यालयबाट सम्पूरक कोष बापत उपलब्ध गराउनुपर्ने रकम समावेश भएको व्यहोरा जानकारी गराउन चाहन्छु । उक्त आयोजनामा एडीबी मार्फत नेपाल सरकारबाट आ.व.२०७३/०७४ को लागि रु.२,३८,७६,५५,०००।- (अक्षरेपी दुई अर्ब अड्तीस करोड छियत्तर लाख पचपन्न हजार मात्र) र आ.व.२०७४/०७५ को लागि रु.२,३८,८४,१०,०००।- (अक्षरेपी रु. दुई अर्ब अड्तीस करोड चौरासी लाख दश हजार मात्र) अनुदान प्राप्त हुने अनुमान गरिएको छ ।

**अन्तमा,**

हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस समारोहमा पाल्नु हुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, सांसदज्यूहरु,राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, कार्यालय

प्रमुखज्यूहरु, गैरसरकारी संघ संस्था तथा सामाजिक क्षेत्रकाविशिष्ट व्यक्तित्वहरु, नागरिक समाजका अगुवाज्यूहरु, बुद्धिजिवी, उद्योगपति, व्यापारी, संचारकर्मी, राष्ट्रसेवक कर्मचारी,निजी तथा व्यावसायिक क्षेत्र र सम्पूर्ण नगरवासीहरु प्रति म हार्दिक आभार प्रकट गर्न चाहन्छु । यस समारोहमा यहाँहरुलेसक्रिय सहभागिता जनाई परिषद्को गरिमा बढाईदिनु भएकोमा धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछु ।

**धन्यवाद !**